ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही
Brahmapuri Rural Municipality
Office of Rural Municipal Executive
Brahmapuri, Sarlahi
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प.सं. (Letter No.): २०८२/०८३
च.नं. (Ref. No.):

# महिलाहरूका लागि निःशुल्क चर्खा कटाई (धागो उत्पादन) तालिम सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/०६गते**

यस ब्रह्मपुरी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार महिलाहरुको सीप विकास तथा आत्मनिर्भरता अभिवृद्धि गर्ने उद्देश्यले "चर्खा सम्बन्धी तालिम" संचालन गर्न लागिएको हुँदा इच्छुक महिलाहरुबाट आवश्यक कागजात सहित सात (७) दिन भित्र यस कार्यालयको उद्यम विकास शाखामा तोकिएको निवेदनको ढाँचा बमोजिम आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जनकारीका लागि अनुरोध छ।

**१. तालिम सम्बन्धी विवरणः**

- **तालिमको अवधिः ३० दिने**
- **तालिम सञ्चालन हुने स्थानः** गा.पा.भित्र
- **तालिमको समयः** पछि प्रकाशन गरिनेछ।

**२. आवश्यक योग्यता तथा मापदण्डः**

- नेपाली नागरिक हुनुपर्ने।
- उमेरः १८ वर्ष पूरा भएको।
- स्थानीय, विपन्न, एकल, तथा आर्थिक रूपमा पिछडिएका महिलाहरूलाई विशेष प्राथमिकता दिइनेछ।

**३. आवेदन साथ पेस गर्नुपर्ने कागजातहरूः**

- आवेदन फारम
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति।
- पासपोर्ट साइजको फोटो - २ प्रति।

२०८३/०२/०६

...............................
धनन्जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत

धनन्जय प्रसाद दास
प्रमुख प्रशासकीय अधिकृत